

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५४७०५९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ ११ गते बुधबार ❑ 25 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## मौद्रिक र वित्तीय नीतिमार्फत अर्थतन्त्रमा परेको चापलाई सहन गर्ने सरकारको योजना

रासस
काठमाडौं, १० जेठ

मुलुकको अर्थतन्त्रमा परेको आन्तरिक तथा बाह्य चापलाई सम्बोधन गर्न सरकारले आगामी आर्थिक वर्षमा विशेष अभियान सञ्चालन गर्ने भएको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीले मंगलबार सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको आगामी आवको नीति तथा कार्यक्रममा अर्थतन्त्रमा परेको चापलाई कम गर्न वित्तीय तथा मौद्रिक उपकरणको प्रयोग गरिने भएको छ । सार्वजनिक खरिद कानुनमा सुधार, पूर्वतयारी नभएका, आयोजना बैंकमा प्रविष्ट नभएका, वित्तीय अनुशासन कायम गर्ने सरकारको योजना रहेको छ । स्थानीय तहको राजस्व परिचालन सहज बनाउने आवश्यक मापदण्ड बनाउने र विदेशी सहयोगलाई रुपान्तरणकारीयोजनामापरिचालन गर्ने सरकारको नीति तथा कार्यक्रममा समावेश छ।

उत्पादनशील र रोजगारीमूलक क्षेत्रमा कर्जाप्रवाह सहज बनाउने, वित्तीयरूपमा बोझिला सार्वजनिक संस्थान एकापसमा गाभ्ने वा खारेज गर्ने सरकारले आगामी वर्षका नीतिमा उल्लेख गरेको छ । नेपालको क्रेडिट रेटिङ गराउने भएको छ । आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, समान प्रकृतिमा सहकारी कोषलाई एकापसमा गाभ्ने योजनासमेत अगाडि सारिएको छ।

अर्थतन्त्रको संरचनामा जोखिम बहन गर्ने आर्थिक नीति तयार गर्ने, रुपान्तरण गर्ने आयोजना कार्यान्वयन गर्ने सरकारको लक्ष्य रहेको छ । पूर्वाधार निर्माण, उत्पादन वृद्धि उत्पादकत्वमा जोड, सङ्घीयताको सुदृढीकरण र सुशासनलाई प्राथमिकतामा राखिएको छ । कृषि यातायात, ऊर्जा, पर्यटन सूचना प्रविधिलाई अगाडि बढाइ उत्थानशील अर्थतन्त्र, मुद्रास्फिति वाञ्छित सीमाभित्र राख्ने सरकारको योजना छ । त्यस्तै, सरकारले कृषि क्षेत्रको प्रवर्द्धनका लागि रासायनिक मलका अनुदान दिने, कृषिउपजको खरिदको व्यवस्था, लघुबीमाको पहुँच दुर्गम क्षेत्रमा पुऱ्याउने, उखु किसानलाई विशेष राहतको व्यवस्था, नेपाली कृषि उपजको गुणस्तर र मूल्यमा प्रतिस्थापन गरिने भएको छ।

## १२ पालिकाको अन्तिम मतपरिणाम आउन बाँकी

रासस
काठमाडौं, १० जेठ

स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएको ११ दिन भइसक्दा अझै १२ पालिकाको अन्तिम मतपरिणाम आउन बाँकी छ।

निर्वाचन आयोगका अनुसार हालसम्म ४६० गाउँपालिकाका र २७९ नगरपालिकाको अन्तिम नतिजा सार्वजनिक भइसकेको छ । छमध्ये तीन महानगरपालिकाको मतगणना सम्पन्न भइसकेको छ। विराटनगर, भरतपुर र वीरगन्ज महानगरको मतपरिणाम सार्वजनिक भइसकेको छ। विराटनगरमा नागेश कोइराला, भरतपुरमा रेनु दाहाल र वीरगन्ज महानगरमा राजेशमान सिंह विजयी भइसक्नुभएको छ । काठमाडौं, पोखरा र ललितपुर महानगर, तुलसीपुर उपमहानगरपालिका, उदयपुरको कटारी र त्रियुगा नगरपालिका, रौतहटको गढीमाई, गरुडा र फतुवा विजयपुर नगरपालिका, रुपन्देहीकोतिलोत्तमानगरपालिका, कपिलवस्तुको महाराजगन्ज नगरपालिका, बाजुराको बूढीगंगा गाउँपालिकालगायत केही नगरपालिकामा मतगणना जारी रहेको आयोगले जनाएको छ । काठमाडौं महानगरमा स्वतन्त्र उम्मेदवार बालेन्द्र साह, ललितपुरमा कांग्रेसका चिरिबाबु महर्जन,पोखरामानेकपा(एकीकृत समाजवादी)का धनराज आचार्य र तुलसीपुर उपमहानगरपालिकामा नेकपा (एमाले)का टिकाराम खड्का अगाडि हुनुहुन्छ। नतिजा सार्वजनिक भएकामध्ये ३२२ पालिकाको प्रमुखमा नेपाली कांग्रेसविजयीभएकोछ।कांग्रेसले १८८ गाउँपालिको अध्यक्ष र १३४ नगरको प्रमुखमा जित हासिल गरेको छ । एमालेले १२३ गाउँपालिका अध्यक्ष र ७९ नगरप्रमुख गरी २०२ पालिका प्रमुख जितेको छ । यसैगरी नेकपा (माओवादी केन्द्र) २५ नगरप्रमुख र ९६ गाउँपालिका अध्यक्षसहित १२१ पालिकामा विजयी भएको छ । एकीकृत समाजवादीले ११ र अन्य दल तथा स्वतन्त्र उम्मेदवार ३० नगरमा विजयी भएको आयोगले जनाएको छ। जनता समाजवादी पार्टीले २१ नगरप्रमुख तथा साना दल र स्वन्तन्त्र उम्मेदवारले ३२ गाउँपालिका अध्यक्ष जितेका छन्।

कांग्रेसले १०६ उपप्रमुख र १९० उपाध्यक्ष, एमालेले १०६ उपप्रमुख र १२६ उपाध्यक्ष, माओवादीले ३३ उपप्रमुख र ९५ उपाध्यक्ष, जसपाले उपप्रमुख ११ र १९ उपाध्यक्ष तथा अन्य दलले २३ उपप्रमुख र ३० उपाध्यक्ष जितेका छन्।

कांग्रेस सबैभन्दा बढी दुई हजार ६३२ वडामा विजयी भएको छ । एमाले दुई हजार ११२, माओवादी एक हजार ४९, जसपा २९१ र अन्य दल तथा स्वतन्त्र ५८५ वडामा विजयी भएका आयोगको तथ्यांक छ।

## रोकिएको पोखरा महानगरको मतगणना साँझदेखि सुरु

पोखरापत्र संवाददाता
पोखरा, १० जेठ

स्थानीय तह सदस्य निर्वाचन-२०७९ अन्तर्गत पोखरा महानगरपालिकाको मंगलबार मध्याह्नदेखि रोकिएको मतगणना साँझ ७ बजेदेखि पुनः सुरु भएको छ । मतगणनाको क्रममा वडा नं १८ को नौ मत हराएको भन्दै नेकपा (एमाले)ले पुनः मतगणनाको माग गर्दै अन्य वडाको मतगणना बहिष्कार गरेपछि दिनभर गणना रोकिएको थियो।

सो वडामा एमालेका उम्मेदवार तीन मतले पराजित भएपछि एमालेले हराएको मत खोजी नहुँदासम्म चालु मतगणना सुरु हुन नसक्ने बताएपछि गणनामा बसेका एमालेका मतगणना प्रतिनिधि बाहिरिएका थिए। मुख्य निर्वाचन कार्यालयका मुख्य निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले वडा नं १८ को पुनः मतगणना गरी पाऊँ भनी नेकपा (एमाले)का तर्फबाट पेश भएको निवेदन दर्ता भई कानुनी कारबाहीको क्रममा रहेको बताउनुभयो । उहाँले दलहरूबीच रोकिएको मतगणना सुचारु गर्ने सहमति भएकाले बाँकी वडामा गणना सुरु भएको जानकारी दिनुभयो ।एमालेका पोखरा महानगर कमिटी अध्यक्ष दिलीप न्यौपानेले मतगणनाको क्रममा उत्पन्न समस्याको बारेमा थप छलफल गरी निचोड निकाल्न मुख्य निर्वाचन अधिकृतको कार्यालय तयार भएकाले स्थगित मतगणना सुचारु गर्न आफ्नो पार्टी सहमत भएको बताउनुभयो।

वैशाख ३१ गतेदेखि सुरु भएको गणनामा खसेको कूल एक लाख ४३ हजार २२६ मतमध्येमा हालसम्म एक लाख ३९ हजार ४११ मत गणना सकिएको छ। वडा नं २२, ३२ र ३३ को आंशिक गणना बाँकी छ। अब तीन हजार ९२५ मतगणना बाँकी छँदा सत्ता गठबन्धनबाट महानगर प्रमुखका साझा उम्मेदवार नेकपा(एकीकृत समाजवादी) का धनराज आचार्यको विजय सुनिश्चित भएको छ । आचार्य निकटतम प्रत्यासी एमालेका कृष्णबहादुर थापाभन्दा पाँच हजार ४८५ मतले अघि हुनुहुन्छ।

आचार्यले गणना बाँकी रहेको मतभन्दा बढीको अग्रता बनाएपछि समर्थकले खुसियाली मनाउँदै विजयी जुलुसको तयारी गरे पनि दिनभर गणना स्थगित हुँदा निरास बनेका थिए। उनीहरूले मतगणना तत्काल सुरु गर्न मागसहित नाराबाजी गरेका थिए।

हालसम्म प्रमुखका उम्मेदवार आचार्यले ५७ हजार ७२ मत प्राप्त गर्नुभएकामा उहाँका एमालेका थापाको ५१ हजार ५८७ मत ल्याउनुभएको छ । यसैगरी उपप्रमुखमा एमालेका उम्मेदवार मञ्जुदेवी गुरुङको जित निश्चित भएको छ। गुरुङले ५९ हजार ७० मत प्राप्त गर्दा सत्ता गठबन्धनबाट कांग्रेसका उम्मेदवार कोपिला रानाभाटको ५५ हजार ८० मत रहेको छ । गुरुङको तीन हजार ९९० मत अग्रता छ।

## पोखरामा महानगरपालिका १८ मा एमालेद्वारा पुनःमतगणनाको माग

पोखरापत्र संवाददाता
पोखरा, १० जेठ

नेकपा एमालेले पोखरा महानगरपालिका वडा नं १८ मा पुनः मतगणना गर्न माग गरेको छ।

वडा नम्बर १८ मा मत कम भएको भन्दै उक्त दलले पुनः मत गणना गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दिएको हो । उक्त वडाको आज बिहान अन्तिम नतिजा घोषणा हुँदा तीन मत अन्तरले नेपाली कांग्रेसका वडाध्यक्षका उम्मेदवार उम्मेदवार शिवप्रसाद तिमल्सिना विजयी भएको घोषणा गरिएको थियो । उक्त वडामा पुनःमतगणनाका लागि माग गर्दै एमालेबाट निवेदन आएको मुख्य निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले जानकारी दिनुभयो । निवेदनका सम्बन्धमा निर्वाचन कानुनअनुसार अघि बढ्ने उहाँले बताउनुभयो ।

महानगरमा खसेको कूल एक लाख ४३ हजार २२६ मतमा अब करिब पाँच हजार मत गन्न बाँकी छ। महानगरका वडा नं २२, ३२ र ३३ को मतगणना बाँकी रहेको जनाइएको छ। हालसम्म २२ वटा वडामा कांग्रेस विजयी भएको छ भने आठवटा वडामा एमाले विजयी भएको छ । हालसम्म एक लाख ३८ हजार २११ मत गणना भइसकेकामा गठबन्धनका तर्फबाट महानगरको प्रमुख पदका उम्मेदवार धनराज आचार्यले ५६ हजार ४७१ मत प्राप्त गर्नुभएको छ।उहाँका निकटतम प्रतिस्पर्धी कृष्ण थापाले ५१ हजार १८५ मत प्राप्त गर्नुभयो । उमप्रमुखमा एमालेकी मञ्जुदेवी गुरुङ ५८ हजार ५८२ मतसहित अघि हुनुहुन्छ भने गठबन्धनका तर्फबाट कांग्रेसकी कोपिला रानाभाटले ५४ हजार ५४७ मत प्राप्त गर्नुभएको छ।

## हालसम्म ३४ हजार ७४१ पदमा निर्वाचित

रासस
काठमाडौं, १० जेठ

स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतगणना कार्यअन्तर्गत ३५ हजार २२१ पदमध्ये निर्विरोधसहित हालसम्म ३४ हजार ७४१ पदमा जनप्रतिनिधि निर्वाचित भएका छन्।

निर्वाचन आयोगको सूचना प्रणालीमा मङ्गलबार ७ बजेसम्म प्रविष्ट भएको विवरणअनुसार नेपाली कांग्रेसका १३ हजार ६३०, नेकपा (एमाले) का ११ हजार ७७६, नेकपा (माओवादी केन्द्र) का पाँच हजार १९, जनता समाजवादी पार्टी, नेपालका एक हजार ५३३, नेकपा (एकीकृत समाजवादी) का ९७९, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका ५८१, राष्ट्रिय प्रजातन्त्र पार्टीका ३०३, राष्ट्रिय जनमोर्चाका १५९ र नागरिक उन्मुक्ति पार्टीका ९९ जना विभिन्न पदमा निर्वाचित भएका छन् । यसैगरी जनमत पार्टी (जपा) का ९६, नेपाल मजदुर किसान पार्टीका ८५, जनता प्रगतिशील पार्टी, नेपालका १७, तराई मधेस लोकतान्त्रिक पार्टीका १२, विवेकशील साझा पार्टीका ११, नेपाल जनता पार्टीका १०, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका नौ, नेपाल लोकतान्त्रिक पार्टीका सात, राष्ट्रिय जनमुक्ति पार्टीका सात, नेपाली कांग्रेस (विपी) का सात, बहुजन शक्ति पार्टीका ६, बहुजन एकता पार्टी नेपालका पाँच, नेपाल सुशासन पार्टीका चार, नेकपा (माओवादी समाजवादी)का दुई, नेपाल सद्भावना पार्टीका एक र स्वतन्त्रका ३८३ जना निर्वाचित भएका छन्।

## पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल चाँडै सञ्चालनमा ल्याइने

रासस
पोखरा, १० जेठ

सरकारले पोखरामा निर्माणाधीन राष्ट्रिय गौरवको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल चाँडै सञ्चालनमा ल्याउने भएको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले आज संसदा प्रस्तुत गर्नुभएको सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल चाँडै सञ्चालनमा ल्याइने बताउनुभयो।

चिनियाँ निर्माण कम्पनी सिएएमसिईले निर्माण गरिरहेको सो विमानस्थल यसअघि गत चैत १२ गते चीनका विदेशमन्त्री वाङ यीको नेपाल भ्रमणका अवसरमा नेपाललाई हस्तान्तरण गरिएको थियो । त्यतिबेला विमानस्थलको मुख्य निर्माण र उपकरण जडानको कार्य सम्पन्न भएको र ९३ प्रतिशत भौतिक प्रगति भएपछि नेपाललाई हस्तान्तरण गरिएको थियो । पोखरा विमानस्थल आयोजनाका वरिष्ठ अधिकृत सविन फुयाँलले हालसम्म आयोजनाको ९५ प्रतिशत काम सकिएको बताउनुभयो । उहाँका अनुसार अब विमानस्थलका छिटपुट र सामान्य केही काम मात्र बाँकी छन् । विमानस्थल सञ्चालनका लागि अझै पनि विमानस्थल नजिकको ल्याण्डफिल साइट स्थानान्तरण, दक्षिणतर्फको रिठेपानी डाँडा कटान र बर्खायाममा भलबाढी नियन्त्रणका लागि सिँचाइ नहर व्यवस्थापनको काम मुख्य समस्याका रूपमा रहेको उहाँले जानकारी दिनुभयो।

अधिकृत फुयाँलले विमानस्थल सञ्चालनका लागि पूर्वतयारीका काम गर्न सञ्चालन तथा तयारी कार्यदल गठन गरेर सो कार्यदलले काम अघि बढाएको जानकारी दिनुभयो । सन् २०२१ जुलाई १० भित्रमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको विमानस्थलको काम कोरोना महामारीका कारण रोकिँदा आयोजनाको म्याद एक वर्ष थप गरिएको थियो । आगामी जुलाई १० भित्रमा सबै काम सम्पन्न गरिने आयोजनाले जनाएको छ।

चिनियाँ कम्पनी सिएएमसी इञ्जिनियरिङले विसं २०७४ असारदेखि विमानस्थल निर्माणको काम सुरु गरेको हो । चीनको एक्जिम बैंकको रु २२ अर्ब सहुलियतपूर्ण ऋण सहयोगमा विमानस्थल निर्माणका लागि सन् २०१४ मा नेपाल नागरिक उड्डयन प्राधिकरण र सिएएमसीबीच ठेक्का सम्झौता भएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आर्वा विजय भाविको सुविधायुक्त पक्की भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० जेठ**



पोखरा महानगरपालिका वडा नं. १३ ढाँडबेसीस्थित आर्वा विजय माध्यमिक विद्यालयको पक्कि भवन निर्माण कार्य सम्पन्न भएको छ । भारत सरकारको तीन करोड ९८ लाख ३४ हजार आर्थिक सहयोगमा दुई तल्ले १६ कोठे पक्कि भवन निर्माण गरिएको हो ।

भारतीय राजदूतावासका चार्ल डी अफेयर्स नामग्य सी खम्पा र जिल्ला समन्वय समिति कास्कीका प्रमुख बैनबहादुर क्षेत्री अधिकारीले आज एक समारोहका बीच संयुक्तरुपमा उक्त भवनको उद्घाटन गर्नुभयो ।

सुविधा सम्पन्न उक्त विद्यालय भवनको उद्घाटन समारोहमा बोल्दै भारतीय राजदूतावासका खम्पाले भारतले नेपालको शैक्षिक एवूम सामाजिक क्षेत्रको विकासलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो ।

नेपाल भारत बीच सदियौ बर्षको प्रगाढ मैत्री सम्वन्ध रहेको उल्लेख गर्दै उहाँले दुईदेश बीच साझेदारीका आधारमा भएका विकास निर्माण उपलब्धिमूलक हुनु पर्नेमा जोड दिनुभयो ।

भौतिक पूर्वाधार निर्माणले शैक्षिक क्षेत्रको विकासमा योगदान पुग्ने विश्वास व्यक्त गर्दै राजदूतावासका खम्पाले यसको उपयोग र निरन्तरताका लागि स्थानीय समाज सचेत हुनु पर्ने आवश्यकता औल्याउनुभयो ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख बैनबहादुर क्षेत्री अधिकारीले नेपालको शैक्षिक क्षेत्रको विकासमा भारतीय दूतावासको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उहाँले सुखी नेपाली समृद्ध नेपाल निर्माणका लागि गुणस्तरीय शिक्षाको खाँचो औल्याउनुभयो ।

विद्यालयको कम्पाउन्ड वाल निर्माणका लागि पोखरा महानगरको साझेदारीमा समन्वयकोतर्फबाट २५ लाख रुपैया सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै उहाँले गुणस्तरीय शिक्षाको माध्यमबाट मात्र विद्यार्थीको आकर्षण बढ्न सकिने विश्वास व्यक्त गर्नुभयो । स्थानीय शिक्षाप्रेमीहरु प्रा.डा. कमलमणी बराल, स्वर्गीय ढुण्डीराज बराल, दयासाग बराल, धनश्याम बरालले निशुल्क प्रदान गर्नुभएको १३ रोपनी चार आना क्षेत्रफलको जग्गामा सो भवन निर्माण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिबहादुर बरालले जानकारी दिनुभयो ।

कार्यक्रममा विद्यालयका सल्लाहकार एवम् पूर्व जिविस उपसभापति श्रीनाथ बराल, शिक्षा विकास शाखा प्रमुख नारायण प्रसाद सुवेदी, विद्यालयका प्रअ पद्मादेवी बराल लगायतले भौतिक पूर्वाधार र गुणस्तरीय शिक्षाको महत्व माथि प्रकाश पार्नुभएको थियो । डिएसआर निर्माण सेवा प्रालिका प्रोपाईटर ऋषिराम गौतमका अनुसार तोकिएको समयमा निर्माण सम्पन्न भई नयाँ भवनमा कक्षा सञ्चालन भएको र सम्झौता अनुसार समयमा रकम भुक्तानी नपाउदा अप्ठेरो पर्ने गरेको छ ।

कार्यक्रममा विद्यालयका छात्राद्धारा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

# तनहुँका पालिका प्रमुखमा महिला शून्य, उपप्रमुखमा सात

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० जेठ**

तनहुँका १० पालिकाको प्रमुखमा महिला नेतृत्व शून्य भएको छ । विसं २०७४ को स्थानीय तह निर्वाचनबाट म्याग्दे गाउँपालिकाको अध्यक्षमा मायादेवी राना निर्वाचित भएर एक्लो पालिका प्रमुखको जिम्मेवारी निर्वाह गर्नुभएकी उहाँ यसपटकको निर्वाचनमा भने पराजित हुनुभएको छ ।

नेपाली कांग्रेसबाट अघिल्लो स्थानीय तह निर्वाचनबाट विजयी भएर एक्लो महिला प्रमुखको जिम्मेवारी निर्वाह गर्नुभएकी राना यसपटक नेकपा (एमाले)का उम्मेदवार श्रीप्रसाद श्रेष्ठसँग पराजित हुनुभएको छ । दश पालिकामध्ये म्याग्देमा मात्रै महिलाले प्रमुखमा उम्मेदवारी दिनुभएको थियो ।

पालिकाको उपप्रमुख-उपाध्यक्षमा भने सात महिला निर्वाचित हुनुभएको छ । केही पालिकामा भने कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी)ले गठबन्धन गरेका कारण महिला नेतृत्वमा पुग्नबाट बञ्चित भएका छन् । काङ्ग्रेस र माओवादी केन्द्रले गठबन्धन गरेका देवघाट गाउँपालिका र शुक्लागण्डकी नगरपालिकाको उपप्रमुखमा पुरुष विजयी भएका छन् ।

घिरिङ गाउँपालिकाको उपाध्यक्षमा राधादेवी अधिकारी, भिमाद नगरपालिकाको उपप्रमुखमा शारदा खनाल, ऋषिङ गाउँपालिकाको उपाध्यक्षमा गिनुमाया थापा, भानु नगरपालिकाको उपप्रमुखमा उमा गोतामे, व्यास नगरपालिकाको उपप्रमुखमा इन्दिरा दरै, बन्दीपुर गाउँपालिकाको उपाध्यक्षमा पञ्चमाया गुरुङ, आँबुखैरेनी गाउँपालिकाको उपाध्यक्षमा दुर्गा अर्याल निर्वाचित हुनुभएको छ ।

यसै गरी स्थानीय तह निर्वाचनअन्तर्गत तनहुँमा दुई महिला वडाध्यक्षमा निर्वाचित हुनुभएको छ । विभिन्न पालिकाका उम्मेदवारी दिएका छ महिलामध्ये दुई जनाले मात्रै विजय हासिल गर्नुभएको हो । चार जना भने पराजित हुनुभएको छ । भानु नगरपालिका-१ को वडाध्यक्षमा कांग्रेसबाट कान्छीमाया तामाङ निर्वाचित हुनुभएको हो । तामाङले ६७२ मत प्राप्त गरी विजयी हुनुभएको हो । आँबुखैरेनी गाउँपालिका-४ मा कांग्रेसको तर्फबाट मिलन भुजेल ४३३ मत प्राप्त गरी विजयी हुनुभएको छ ।

बन्दीपुर गाउँपालिका-४ मा सीता थापा र बन्दीपुर गाउँपालिका-५ मा रीता तिवारी कांग्रेसबाट वडाध्यक्षको उम्मेदवार बने पनि विजयी हुन सक्नुभएन । म्याग्दे गाउँपालिका-६ मा एमालेको तर्फबाट निर्मला वाग्ले वडाध्यक्षमा उम्मेदवार बने पनि उहाँ पराजित हुनुभएको छ । शुक्लागण्डकी नगरपालिका-८ को वडाध्यक्षमा कांग्रेसबाट चन्द्रकला भट्टराई उम्मेदवार बने पनि उहाँ पनि पराजित हुनुभएको छ ।

# केआईईसी एम १२ भक्कुको फराकिलो जित

**पोखरापत्र संवाददाता**
**पोखरा, १० जेठ**



जनएकता युवा क्लबको आयोजनामा सञ्चालित प्रथम सेभेन ए साईड फुटबल प्रतियोगिता अन्तर्गत मंगलबार ७ खेल सम्पन्न भएका छन् ।

रामेश्वरी माविको खेल मैदानमा आयोजित प्रतियोगिताको मंगलबारको खेलमा भीमाद युथ क्लबले रन्जन स्मृति युथ क्लब भीमादलाई ३-२ गोल अन्तरले पराजित गरेको छ । भीमादका लागि लोकेश थापाले दुई र अभिषेक राईले एक गोल गर्दै जित दिलाउँदा रन्जन स्मृतिका लागि राजन सोसान गुरुङ र आगमन खड्काले गोल फर्काएका थिए । शहीद स्मृति विद्यालयले मेरो नेपाल युवा क्लब एलाई पेनाल्टी सुटआउटमा ३-२ गोलले पराजित गरेको छ । शहीद स्मृतिको तर्फबाट आशिष थापा, सुजन तामाङ र सन्दीप गुरुङले गोल गरे । मेरो नेपाल लागि सौरभ कार्की र सरोज सुनारले गोल गरेपनि जित पर्याप्त हुन सकेन् । त्यसैगरी अर्को खेलमा विजयपुर एफसीमाथि भण्डारढीकको आर्दश क्लबले २-० गोलको नजिता निकाल्यो । जितका लागि विकास परियारले दुवै गोल गरेका थिए । काउरे बयरघारी स्याङजालाई मसिना एफसीले ४-० फराकिलो गोल अन्तरले पराजित गर्‍यो । विजय श्रेष्ठले दुई, क्षितिज जिटीले एक र विश्व थापाले एक गोल गरेका थिए । केआईईसी एम १२ भक्कुले खाल्टे गैरी गाँउलाई १०-० गोलले पराजित गरेको छ । सरोज तितुङले डबल ह्याट्रिक गरे । त्यस्तै विकास गुरुङले २, मनोज गुरुङ र मीन गुरुङले एक एक गोल गरेका थिए ।

हाम्रो एफसीलाई जनएकता युवा क्लब हरियोले ४-० को नजिता निकाल्दै अर्को चरणमा प्रवेश गरेको छ । जनएकताका लागि आशिष कार्कीले २, सन्देश देवकोटाले १ र समुन्द्र सुवेदीले एक थपेका थिए । विजयपुर एफसीले मसिना मेनचेष्टर फुडजोनलाई पेनाल्टी सुटआउटमा ३-२ गोल अन्तरले पराजित गरेको थियो । प्रतियोगितामा विजेताले १ लाख ११ हजार, उपविजेताले ६१ हजार नगद पुरस्कार प्राप्त गर्ने छन् । उत्कृष्ठ खेलाडीले समेत नगद पुरस्कार प्राप्त गर्ने जनएकता युवा क्लबका सचिव घनश्याम अधिकारी(श्याम)ले जानकारी दिए । फाईनल जेठ १४ गते हुने छ ।

# स्याङ्जामा 'ब्लड बैंक' स्थापना गर्ने निर्णय

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १० जेठ**

स्याङ्जाको पुतलीबजार नगरपालिकाले सदरमुकाम पुतलीबजारमा 'ब्लड बैंक' स्थापना गर्ने निर्णय गरेको छ । नवनिर्वाचित नगरप्रमुख तुल्सीराम रेग्मीले पुतलीबजारमा 'ब्लड बैंक' स्थापना गर्ने पहिलो निर्णय गर्नुभएको हो ।

रगतको अभावमा अकालमा कसैको पनि ज्यान नजाओस् भन्ने विषयमा संवेदनशील भइ पहिलो निर्णयको रुपमा 'ब्लड बैंक' स्थापनालाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो । "स्याङ्जा जिल्ला अस्पतालमा डायलासिस सेवा विस्तार र 'ब्लड बैंक' स्थापनालाई पहिलो प्राथमिकतामा राखेर निर्णय गरिएको छ", नगरप्रमुख रेग्मीले भन्नुभयो, "सार्वसाधारणमा स्वास्थ्यको सहज पहुँचका लागि थालिएको अभियानलाई पूर्णता दिने गरी थालनी गरेका हौं ।"

हाल सञ्चालनमा रहेको डायलासिस सेवालाई विस्तार र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने, 'ब्लड बैंक' स्थापना गरी सहजरुपमा रगत उपलब्ध गराउने कार्यकालागि आर्थिक वर्ष २०७८/७९ को विपद् व्यवस्थापन कोषबाट रु १० लाख निकासा गर्न लागिएको छ । डायलासिस सेवालाई विस्तार र थप प्रभावकारी बनाउन आवश्यक स्वास्थ्यकर्मी, बायोमेडिकल टेक्निसियन तथा पूर्वाधार निर्माण गरिने भएको छ । जिल्ला अस्पतालमा हाल नियमितरुपमा १२ मिर्गौलाका बिरामीलाई डायलासिस गरिँदै आएकामा त्यसलाई विस्तार गरी ४५ जनालाई सेवा उपलब्ध गराउने गरी आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गर्न लागिएको छ ।

सेवा थप विस्तार भएसँगै मिर्गौलाका बिरामीलाई डायलासिस गर्न अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य हुनाका साथै जिल्ला अस्पतालमा शल्यक्रियामार्फत हुने सुत्केरी सेवा र अन्य बिरामीलाई अत्यावश्यक पर्ने रगत सहजरुपमा उपलब्ध गराएर रगतको अभावमा अकालमै मृत्यु हुनबाट रोक्न यसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

# कांग्रेस केन्द्रीय सदस्य वाग्लेसहित आठ जनालाई कारबाही

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० जेठ**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं संविधान सभासदस्य ध्रुव वाग्लेसहित आठ जनालाई कारबाहीका लागि सिफारिस गरिएको छ ।

व्यास नगरपालिका-५ को वडा कार्यसमितिको बैठकले कारबाहीका लागि व्यास नगर समितिलाई सिफारिस गर्ने निर्णय गरेको हो । पार्टीका केन्द्रीय सदस्य ध्रुव वाग्ले, महाधिवेशन प्रतिनिधि मोहनकुमार श्रेष्ठ, प्रदेश प्रतिनिधि सुलोचना गौतम, क्षेत्रीय प्रतिनिधि गङ्गाबहादुर राना, भीमकुमार श्रेष्ठ, व्यास-५ का वडा कार्यसमिति सदस्य पविन्द्र खनाल, दीपेन्द्र खनाल र विश्वराज खनाललाई कारबाहीका लागि सिफारिस गरिएको छ । व्यास-५ का वडा सभापति सुरबहादुर थापा, उपसभापति ईश्वरीराज वाग्ले, सचिव सुरेन्द्र खनाल, मुन्नी शाही र सहसचिव भरतप्रसाद खनाललगायतको टोलीले मंगलबार व्यास नगर सभापति सूर्यचन्द्र हड्खलेलाई कारबाहीका लागि सिफारिस पत्र हस्तान्तरण गरेका हुन् ।

# नवौँ राष्ट्रिय खेलकुदको मिति सर्‍यो

**रासस**
**काठमाडौं, १० जेठ**

गण्डकी प्रदेशको पोखरामा आयोजना हुने भनिएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति सरेको छ । यही जेठ २२ देखि २८ गतेसम्म हुने भनिएको उक्त प्रतियोगिताको तयारी समय नपुगेकाले मिति सार्न बाध्य भएको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ ।

युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले राष्ट्रिय खेलकुद परिषद् (राखेप) को प्रस्तावमा आज बसेको मन्त्रिपरिषद्को बैठकले उक्त प्रतियोगिताको नयाँ मिति सार्वजनिक गरेको बताउनुभयो । उहाँले नवौँ राष्ट्रिय खेलकुदसँगसबन्धितबजेटकार्यान्वयनको लागि सार्वजनिक खरिद ऐनअनुसार जानुपर्ने भएकाले तोकिएको मितिमा प्रतियोगिता आयोजना गर्न नसकेको बताउनुभयो । अब नवौँ राष्ट्रिय खेलकुद आगामी असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म हुनेछ ।

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा विभिन्न ३६ खेल समावेश गरिएको छ भने दुई प्रर्दशनी खेलको रूपमा राखिएको छ । जसमा एथलेटिक्स, ब्याडमिन्टन, टेबल टेनिस, क्रिकेट, फुटबल, टेनिस, हक्की, बक्सिङ, भलिबल, जिम्नास्टीक, कबड्डी, भारत्तोलन, सुटिङ, पौडी, ह्याण्डबल, जुडो, कुस्ती, सफ्ट टेनिस, स्क्वास, तेक्वान्दो र उसु रहेको छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# महंगीको विरुद्ध बोल

निर्वाचन सकिएको लगत्तै सरकारले पेट्रोलियम पदार्थको मुल्य बढाएको गठबन्धन सरकारले यातायातको भाउ बढाएको छायातायातको भाउ बढाउनु जनतालाई थप महंगी बढाउनु हो । पेट्रोलियम पदार्थको मुल्य बढाएर जनताको ढाड सेकेको सरकारले यातायातको भाउ बढाएर उठ्नै नसक्ने बनाउन खोजेको छ । चुनावमा ब्यापारी, दलाल र बिचौलीयासंग लिएको पैसाको तिर्न ग्यासको भाउ एकैचोटि दुई सय बढाएको छायातायातको भाउ बढाउन पनि उपभोक्तासंग कुनै छलफल गरेको छैन । यो सरकारको स्वेच्छाचारी र जनतामारा काम हो । चुनाव अघि काला ब्यापारी, दलाल र बिचौलीयाबाट उठाएर गरेको खर्च निकाल्न मूल्य बढाउने निर्णय हो । निर्वाचन पछि मुल्य बढ्ने गर्दछ भन्ने आरोप सहि साबित भएको छ । काङ्ग्रेस जनता भन्दा ब्यापारी र दलाल पुँजीपतिको लागि वानअ्‍ निर्वाचनलाई, विचौसबैको ध्यान निर्वाचनमा गएको मौका छोपेर मुल्य बढाउने गर्दछन । राजनीतिक दल र उमेदवारले ब्यापारी, उद्योगीसंग चन्दा उठाउने र चन्दा दिने हुँदा मूल्यबडाल्नु बढाउने गर्दछन । त्यस्तो मुल्यबृद्धी कृतिम हुनेगर्छ ।

गठबन्धन सरकार बनेपछि हरेक क्षेत्रमा मुल्य बढेको छ । नेपालमा मूल्यवृद्धि निरन्तर उकालो लागेको छ । नेपाल राष्ट्र बैंकका अनुसार ध चैत महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.२८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ३.१० प्रतिशत रहेको थियो । चैत महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.४० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ७.१८ प्रतिशत रहेको छ । चैत महिनामा औसत मुद्रास्फीति ५.६२ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ । २०७७ चैत महिनाको तुलनामा २०७८ चैत महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत घ्यू तथा तेल, दुध पदार्थ तथा अण्डा, दाल तथा गेडागुडी र सुर्तीजन्य पदार्थ उपसमूहको मूल्यवृद्धि क्रमशः २८.३६ प्रतिशत, ११.५६ प्रतिशत, १०.५३ प्रतिशत र ८.९१ प्रतिशत रहेको छ । सरकारले बजार अनुगमन नगर्दा निरन्तर मुल्य बढेको छ । तेल र ध्युको मुल्य अस्वभाविक रुपमा बढाइएको छ ।

गैर-खाद्य तथा सेवा समूह अन्तर्गत यातायात, शिक्षा र विविध वस्तु तथा सेवा उपसमूहको मुद्रास्फीति क्रमशः २०.१६ प्रतिशत, ८.७९ प्रतिशत र ८.१७ प्रतिशत रहेको छ । चैत महिनामा काठमाडौं उपत्यकामा ६.२५ प्रतिशत, तराईमा ७.६१ प्रतिशत, पहाडमा ७.७९ प्रतिशत र हिमालमा ८.२५ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७७ चैतमा यी क्षेत्रहरुमा क्रमशः ३.२४ प्रतिशत, २.९२ प्रतिशत, ३.३८ प्रतिशत र १.५४ प्रतिशत मुद्रास्फिति रहेको थियो । २०७८ चैत महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १४.४२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.१४ प्रतिशत रहेको थियो ।

चैत महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः १७.०७ प्रतिशत, १४.१३ प्रतिशत र ७.२२ प्रतिशत रहेको छ । सोही महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि २५.२२ प्रतिशत रहेको छ । सरकारको आर्थिक अनुशासनहिनता र बजार अनुगमन हुन छाडेको छासरकार जनताप्रति उत्तरदायी नभएकोले यस्तो अवस्था सृजना भएको हो ।गठबन्धन सरकार कायमै रहने र दलाल र बिचौलीया हावी भइरहे मुल्यबृद्धी अझै बढ्नेछ ।सरकारको निति तथा कार्यक्रम भन्दा जनतालाई थोपरिएको मूल्य वृद्धि विरुद्ध सदनमा छलफल र सडकमा आन्दोलन जरुरी छ ।

# तनहुँमा दलित समुदायका दुई उपप्रमुख

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० जेठ**

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनअन्तर्गत शुक्लागण्डकी र भानु नगरपालिकाको उपप्रमुख पदमा दलित समुदायबाट विजयी भएका छन् ।

जिल्लाको १० पालिकामध्ये शुक्लागण्डकीमा खुमबहादुर विक र भानुमा उमा गोतमे सो पदमा निर्वाचित हुनुभएको हो । विक नेकपा (माओवादी केन्द्र) र गोतमे नेपाली कांग्रेसबाट निर्वाचित हुनुभएको हो ।

यसैबीच जिल्लामा मतगणना सम्पन्न भइसके पनि अझै चार पालिकाले सम्बन्धित निकायमा मतपत्र बुझाएका छैनन् । देवघाट, घिरिङ, शुक्लागण्डकी र व्यास नगरपालिको मतपत्र नबुझाएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । ऋषिङ, आँबुखैरेनी, भानु, भिमाद, बन्दीपुर र म्यादे गाउँपालिकाले मतपत्र बुझाइसकेको जिल्ला निर्वाचन अधिकृत हरिप्रसाद ढकालले जानकारीदिनुभयो।मतगणनापश्चात छ महिनासम्म मतपत्र सुरक्षित राख्नुपर्ने हुन्छ । उहाँले भन्नुभयो, "उक्त अवधिभित्र मुद्दा नपरेपछि मात्रै व्यवस्थित गरिनेछ ।"

# 'घरघरमा सामाजिक सुरक्षा भत्ता'

**पोखरापत्र संवाददाता**
**गोरखा, १० जेठ**

गोरखाको सहिद लखन गाउँपालिकाले घरघरमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने भएको छ ।

ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा हैरानी खेप्नुपरेको भन्दै दोस्रो कार्यकालका लागि निर्वाचित गाउँपालिका अध्यक्ष रमेश थापामगरले आज पदभार ग्रहण गर्दै बैंकसँगको सहकार्यमा टोलटोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने घोषणा गर्नुभएको हो । "ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई बैंकसम्म पुगेर सामाजिक सुरक्षा भत्ता लिन निकै कठिन भएकाले अब बैंकसँग सहकार्य गरेर प्रत्येक टोल र बस्तीमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ", अध्यक्ष थापामगरले भन्नुभयो । उहाँले निर्वाचनका क्रममा नागरिकको घरघरमा पुग्दा गरेको प्रतिबद्धतालाई पदभार ग्रहणसँगै कार्यान्वयन गर्न सुरु गरेको बताउनुभयो । "कतिपय अवस्थामा डोकोमा बोकेर सामाजिक सुरक्षा भत्ता लिन परिवारले लैजानुपर्ने बाध्यता छ" उहाँले भन्नुभयो, "जनताका समस्यालाई अब पालिकाले बैंकसँग सहकार्य गरी समाधान गर्छ ।" उहाँले सामाजिक काम गर्न व्यवस्थित हुने गरी पालिकाभित्र रहेका सबै घरको नम्बर व्यवस्थित गरिने बताउनुभयो ।

# विद्यार्थीलाई यौन दुर्व्यवहार गर्ने शिक्षकलाई कारबाही गर्न नेविसङ्घको माग

**रासस**
**काठमाडौं, १० जेठ**

नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले सेन्ट लरेन्स कलेजका विद्यार्थीलाई यौन दुर्व्यवहार गर्ने शिक्षकलाई कारबाही गर्न माग गरेको छ ।

नेविसङ्घका अध्यक्ष दुजाङ शेर्पाले आज एक विज्ञप्ति जारी गरी विद्यार्थीलाई यौन दुर्व्यवहार गर्ने सेन्ट लरेन्स कलेजका शिक्षकलाई कारबाही गर्न माग गर्नुभएको हो । "कलेजमा शान्त, स्वच्छ र भयरहित वातावरणमा विद्यार्थीले पढ्न पाउने अधिकारको उक्त घटनाले हनन गरेको छ", अध्यक्ष शेर्पाले भन्नुभयो । उहाँले उक्त घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कानूनबमोजिम कारबाही गर्नसमेत सरकारसँग माग गर्नुभएको छ ।

नेविसङ्घले सबै विद्यालय तथा क्याम्पस प्रशासनलाई विद्यार्थीलाई भयरहित तथा शान्तिपूर्ण वातावरणमा अध्ययन गर्न पाउने वातावरणको सिर्जना गर्न अपिलसमेत गरेको छ ।

# कालीगण्डकीको कटान रोक्न थालियो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १० जेठ**

म्याग्दीको सदरमुकाम बेनीस्थित कालीगण्डकी नदी किनारमा कटान नियन्त्रणका लागि अस्थायी संरचना निर्माण थालिएको छ ।

बेनी नगरपालिकाको पहलमा रुपाताल एकीकृत विकास संरक्षण विकास परियोजनाले विसं २०७८ असार १ गते कालीगण्डकीमा आएको बाढीले कटान गरेर ग्याबियन पर्खाल भत्काउँदा जोखिमयुक्त बनाएको तटीय क्षेत्रमा अस्थायी संरचना बनाउन सुरुआत गरेको हो ।

कटान जोखिममा रहेको कालीगण्डकी नदी किनारमा ठूला ढुङ्गा थुपारेर 'बोलर स्किङ' बनाउन थालेका बेनी -७ का वडाध्यक्ष रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो । "बर्खायाम सुरु भएको र कालीगण्डकीमा पानीको सतह बढ्न थालेकाले तत्काल स्थायी संरचना बनाउन सम्भव नभएपछि आउँदो बर्खामा थप क्षति हुन नदिन बोलर स्किङ बनाउन पहल गरिएको हो", उहाँले भन्नुभयो, "नगरपालिकाले उपलब्ध गराएको ठूला ढुङ्गा परियोजनाका ठेकेदारले कटान गरेको ठाउँमा लगेर बजारतर्फ बाढी पस्न नदिने संरचना बनाउन थालेका हुन् ।"

बाढीले करिब १६० मिटर दूरीमा भत्काएको तटबन्धन मर्मत र पुनःनिर्माण सुरु नहुँदा बाढीले थप कटान गरेर बजारमा क्षति हुने जोखिम बढाएको थियो । रुपाताल संरक्षण एकीकृत विकास परियोजना पोखराले गत माघ तेस्रो सातादेखि बेनीस्थित कालीगण्डकी र म्याग्दी नदी किनारमा तटबन्धन सुरु गरेको थियो । कालीगण्डकीको डाइभर्सन गराउन विवाद भएको र पानीको सतह बढिसकेकाले सङ्गमचोक पछाडिको कालीगण्डकी किनारमा तत्काल पक्की संरचना बनाउन जोखिम देखिएकाले बर्खाको बाढी रोक्न अस्थायी संरचना बनाउन थालिएको निर्माण कम्पनीका प्रतिनिधि राजकुमार श्रेष्ठले बताउनुभयो ।

बाइस महिनामा सम्पन्न गर्ने लक्ष्यसहित गत पुस तेस्रो साता रु नौ करोड ४५ लाखमा रौताह-बिएनबी कन्ट्रक्शनले ठेक्का सम्झौता गरेको थियो । कालीपुलमा ८० मिटर पक्की र मङ्गलाघाटस्थित म्याग्दी नदी किनारमा ४६ मिटर कम्पोटिल पर्खाल निर्माण गर्ने काम अन्तिम चरणमा पुगे पनि जेसिज भवन क्षेत्रको कालीगण्डकी किनारमा काम हुनसकेको थिएन ।

सो क्षेत्रमा १६८ मिटर आरसिसी पर्खाल निर्माण गर्ने सम्झौता भए पनि कालीगण्डकी नदी डाइभर्सन गराउने विषयमा पर्वत-बेनी र म्याग्दी-बेनीको विवाद सुल्झाउन ढिलाइ भएपछि निर्माण कम्पनीले कालीपुल र मङ्गलाघाट क्षेत्रमा काम गरेका थिए । बेनीका नगरप्रमुख सुरत केसीले कालीगण्डकी र म्याग्दी नदीको दोभानको बगरबाट ठूला ढुङ्गाको व्यवस्थापन गरेको बताउनुभयो ।

# बगरफाँटमा खानेपानीको समस्या

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १० जेठ**

म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटका बासिन्दा खानेपानीको समस्या समाधान नहुँदा वाक्कदिक्क छन् ।

केही दिनअघिदेखिको वर्षाका कारण मरुवा, उपल्लो खन्ना र बाङ्गे छहरोमा गएको बाढी तथा पहिरोले मुहान र पाइप लाइन बगाउनुका साथै मुहानमा गेगर थुप्रिएर थुनिएपछि यहाँका २०८ घरपरिवारलाई खानेपानीको चरम समस्या भएको हो । यस बीचमा पाइपको सामान्य मर्मत गरेर केही दिन पानी सञ्चालन गरिएको भए पनि लगातारको वर्षाका कारण आएको बाढीले पाइपमा क्षति पुऱ्याएपछि बगरफाँटका बासिन्दा विगत दुई महिनादेखि खोला र कुवाँको पानी पिउन बाध्य छन् ।

गाउँमा रहेका २८ धारामा पानी नआएपछि यहाँका बासिन्दा कुँवा र म्याग्दी नदीको धमिलो पानी उमालेर पिउन बाध्य भएका बेनी-२ बगरफाँटका टेकबहादुर कार्कीले बताउनुभयो । सो स्थानमा २१४ घरधुरी छन् । विसं २०६९ मा बेनी-३ भकिम्ली र बेनी-२ ज्यामरुककोटका सिमानामा पर्ने कोप्रेखोलाको मुहानबाट पानी ल्याई बगरफाँटका २८ धारामा वितरण गरिएको थियो । रु ५४ लाखको लागतमा बगरफाँट खानेपानी तथा सरसफाइ आयोजनाले योजना सम्पन्न गरी गाउँमा खानेपानीको सुविधा उपलब्ध गराएको थियो ।

यसपछि बर्सेनि बर्खाका समयमा बाढी र पहिरोले पाइप लाइनलाई क्षति पुऱ्याउँदा मर्मत गरी पानी सञ्चालन गर्ने गरिएकामा यस वर्ष भने पाइप लाइन र मुहानलगायत सात ठाउँमा मर्मत गर्नुपर्ने भएकाले समस्या भएको आयोजनाका अध्यक्ष कृष्णबहादुर कार्कीले बताउनुभयो ।

गाउँका पुछारमा म्याग्दी नदी र शिरानमा आप्रे, उडाइनो, मुलछहरी, कोप्रेभरनालगायतका पानीका आधा दर्जन बढी स्रोत रहेका भए पनि ती पानीका स्रोतलाई व्यवस्थित गर्न नसक्दा यहाँका बासिन्दाले वर्षौंदेखि खानेपानीको समस्या झेल्दै आएका छन् ।

# तनहुँमा पाँच पालिका प्रमुख र उपप्रमुखमा कांग्रेस

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० जेठ**

स्थानीय तह निर्वाचन अन्तर्गत तनहुँमा नेपाली कांग्रेसले २५० सिटमा विजयी भएको छ । उक्त सङ्ख्यामा विजयी हासिल गरेसँगै कांग्रेस पहिलो ठूलो पार्टी बनेको छ ।

जिल्लाको १० पालिकामध्ये पाँच पालिकामा प्रमुख र पाँच पालिकामा उपप्रमुखसहित कांग्रेस उक्त सङ्ख्यामा विजयी भएको हो । दश पालिकामा प्रमुख र उपप्रमुख गरी जिल्लाभरी बीस जना उम्मेदवार विजयी भएको जिल्ला निर्वाचन कार्यालयकी कम्प्युटर अप्रेटर दुर्गामाया आलेले जानकारी दिनुभयो ।

वडाध्यक्ष ८५, महिला सदस्य ८५, दलित महिला सदस्य ८५ र वडा सदस्य १७० गरी कूल ४४५ जना उम्मेदवार विजयी भएको उहाँले बताउनुभयो । कांग्रेस वडाध्यक्ष ४६, महिला सदस्य ४७, दलित महिला सदस्य ४७ र वडा सदस्य १०० मा विजयी भएको छ । त्यसैगरी नेकपा एमाले दोस्रो स्थानमा रहेको छ ।

एमालेबाट चार प्रमुख र दुई उपप्रमुखसहित १५५ सिटमा विजयी भएको छ । वडाध्यक्ष २८ महिला र दलित महिला ३२/३२ र वडा सदस्य ५७ सिटमा विजयी गरेको छ ।

त्यसैगरी नेकपा माओवादी केन्द्रले एक प्रमुख र तीन उपप्रमुखसहित ३४ सिटमा विजयी भएर तेस्रो स्थानमा रहेको छ । वडाध्यक्ष सात, महिला सदस्य पाँच, दलित महिला सदस्य छ र वडा सदस्य १२ वटामा विजयी भएको हो । त्यसैगरी, स्वतन्त्रबाट चार वडाध्यक्ष, एक महिला सदस्यमा विजयी भएको छ भने राप्रपाले एक वडा सदस्यमा विजयी भएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मन चञ्चल | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाव | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०२/१०

यस कार्यालयमा मिति २०७६/०४/१३ मा कास्की जिल्ला साविक पोखरा महानगरपालिका वडा नं. १३ कि.नं. १५१ कुँडहरमा संचालन गर्ने गरि पोखरा महानगरपालिका वडा नं. १३ कास्की निवासी अनिता श्रेष्ठ (लाभाजु)को नाउँमा दर्ता भएको प्रा.फ.द. नं. १५६४०/०७६/०७७ को स्मार्ट ड्राइभिङ इन्स्टिच्यूटको प्रोपाइट अनिता श्रेष्ठ (लाभाजु)ले मिति २०७९/०२/१० मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ आनन्दटोलमा सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: आनन्दटोल सुसम्पन्न भित्री (ढलान) सडक निर्माण**
**स्थान: पोखरा-१४ कास्की**
**योजना सम्झौता मिति : २०७९/०१/१२ गते**
**योजना सुरु भएको मिति : २०७९/०१/१३ गते**
**योजना सम्पन्न मिति: २०७९/०२/०९ गते**
**योजनाको कुल लागत : रु. ८,५७,१४३।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.६,००,०००।-**
**जन सहभागिताबाट : रु.२,५७,१४३।-**
**जम्मा खर्च: ८,५७,१४३।-**
**उपभोक्ता समिति अध्यक्ष: सुवास पौडेल**
**सचिव: दिपा ढकाल, कोषध्यक्ष: राज कुमार शाही**
**सदस्य: भिम कुमार श्रेष्ठ, गोविन्द पौडेल, टकमाया गुरुङ, विरेन्द्र गुरुङ, भुवन भण्डारी, मिना राना**
**अनुगमान समिति संयोजक: विश्वनाथ ओझा**

**आनन्द टोल सु-सम्पन्न भित्री सडक निर्माण उपभोक्ता समिति पोखरा-१४, वि.पि. मार्ग**

# 'डोजर मालिक आफैँ अपरेटर र इञ्जीनियर बन्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ'

**पोखरापत्र संवाददाता**
**बागलुङ, १० जेठ (रासस)**

बागलुङ नगर क्षेत्रमा अबदेखि जथाभावी सडक भत्काउन नपाइने भएको छ। नवनिर्वाचित नगरप्रमुख वसन्तकुमार श्रेष्ठले मनपरीरूपमा नयाँ सडक मार्ग खोल्न नदिइने जानकारी दिनुभयो।

पद सम्हालेपछिको पहिलो पत्रकार अन्तर्क्रियामा बोल्दै उहाँले अत्यावश्यक ठाउँमा सडक खन्न परे सम्बन्धित वडाको सिफारिस र कार्यपालिका बैठकको निर्णय चाहिने उल्लेख गर्नुभयो । "भएका सडकलाई स्तरोन्नति गरिन्छ, बाह्रैमास चल्ने बनाइन्छ", उहाँ भन्नुभयो, "डोजर मालिक आफैँ अपरेटर बन्ने, आफैँ इञ्जीनियर बन्ने प्रवृत्तिको अब अन्त्य गर्नुपर्छ ।" उहाँले सडक पुऱ्याउन आवश्यक देखिएका ठाउँमा नगरपालिकाका इञ्जीनियरबाट प्राविधिक नापजाँच गरेर मात्र काम अघि बढाइने बताउनुभयो । नगरप्रमुख श्रेष्ठले मनलागीरूपमा जहाँ पायो त्यहीँ सडक खन्ने कुरालाई कडाइका साथ रोकिने प्रतिबद्धता जनाउनुभयो । "अबको कार्यपालिकाबाट बैठकले यस विषयमा निर्णय नै गर्छ", उहाँले भन्नुभयो । जथाभावी सडक खन्दा भूस्खलन बढ्ने, प्राकृतिक प्रकोप निम्तने र गाउँठाउँको सौन्दर्य पनि नासिने भएकाले कडाइ गर्न लागिएको हो ।

नगरप्रमुख श्रेष्ठले वर्षायाममा बाढीपहिराका कारण हुनसक्ने सडक अवरोधलाई दृष्टिगत गरी उपकरण र जनशक्तिलाई तयारी हालतमा राखिने बताउनुभयो। यस्तै ग्रामीण भेगको सडकको सफाइ र मर्मतसुधारको कामलाई पनि तत्कालै अघि बढाइने उहाँले उल्लेख गर्नुभयो । "पक्की सडकमा खाल्डाखुल्डी परेमा तत्कालै कालोपत्र गर्न मिल्ने उपकरण नगर आफैँले किन्छ, त्यसका लागि आउँदो आवमा बजेट छुट्याउँछौँ", उहाँले भन्नुभयो, "नगर चक्रपथलगायत ठूला सडक आयोजनाका लागि सङ्घ र प्रदेश सरकारबाट बजेट पार्न पहल सुरु गरिसकेका छौँ ।"

'हाम्रो बागलुङ, हामी बनाउँछौँ' भन्ने भावका साथ सबै पक्षलाई समेटेर नगरको सामाजिक, आर्थिक विकासको खाका कोर्ने उहाँले बताउनुभयो। "चुनावी प्रतिबद्धतापत्रअनुसार विकास योजना र प्रशासनिक सेवा प्रवाहलाई व्यवस्थित बनाउँछौँ", उहाँले भन्नुभयो ।

पत्रकारहरूले नगर क्षेत्रका जल्दाबल्दा समस्याबारे नगरप्रमुखको ध्यानाकर्षण गराएका थिए । अस्तव्यस्त ट्राफिक, ढल निकास, खानेपानी, सडक, फोहर व्यस्थापन, स्वास्थ्य, शिक्षालगायत विविध क्षेत्रका समस्या समाधानमा नगरपालिकाले पहल गर्नुपर्नेमा जोड दिइएको थियो।

नगरप्रमुख श्रेष्ठले पद बहालीपछिको पहिलो निर्णय एक वर्षभित्रैमा बागलुङलाई बालमैत्री नगर बनाउने घोषणा गर्नुभएको थियो । विकास र सुशासनमार्फत पाँच वर्षभित्रमा समुन्नत नगरको आधार खडा गरिने उहाँको भनाइ छ।

# बागलुङमा १० प्रतिशत मत बदर

**पोखरापत्र संवाददाता**
**बागलुङ, १० जेठ**

हालै सम्पन्न स्थानीय तह निर्वाचनमा बागलुङमा १० प्रतिशतभन्दा बढी मत बदर भएको छ । जिल्लाका १० स्थानीय तहको प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष, दलित महिला र खुला सदस्य पदमा खसेको मतको १० दशमलव ६३ प्रतिशत मत बदर भएको हो।

कूल एक लाख ९३ हजार २२६ मतदातामध्ये ६३ दशमलव ६० प्रतिशत अर्थात् एक लाख २१ हजार ८६९ मत खसेकामा ८९ दशमलव ३७ प्रतिशत मत सदर भएको जिल्ला निर्वाचन कार्यालय बागलुङले जनाएको छ । कूल खसेकामध्ये पूर्णरुपमा ० दशमलव ८० प्रतिशत (एक हजार ९) र सातवटै पदमा १३ हजार ७४२ मत बदर भएको जिल्ला निर्वाचन कार्यालय बागलुङका सूचना अधिकारी गोकुल शर्माले जानकारी दिनुभयो।

शर्माका अनुसार मतदाता सङ्ख्या एक लाख ९३ हजार भए पनि एक मतदाताले सात चिह्नमा मतदान गर्ने भएकाले धेरै मत बदर भएको देखिएको बताउनुभयो । "एक जना मतदाताले सात पटक सात पदमा मतदान गर्नुहुन्छ, तर कतिले सात पदमै गरेको मतदान बदर भएमा पूर्ण मत बदर भन्ने बुझिन्छ जसमध्ये एक हजार ९ मतपत्र पूर्णरुपमै बदर भएको पाइयो", शर्माले भन्नुभयो। उहाँका अनुसार सात पदमध्ये केही पदमा मात्रै मत बदर भएको सङ्ख्या १३ हजार बढी छ। यसमध्ये उपाध्यक्ष, उपप्रमुख पदमा सबैभन्दा बढी मत बदर भएको पाइएको छ। जिल्ला निर्वाचन अधिकारी यज्ञप्रसाद रिजालले सबैभन्दा बढी मत गठबन्धका कारण बदर भएको मतगणनाका क्रममा पाइएको बताउनुभयो। उहाँले एउटै मतपत्रको तलमाथि चिन्हमा मत लगाउँदा बढी बदर भएको पाइएको बताउँदै लस्कारै चिह्न लाउने मतदाताको मत कम सङ्ख्यामा बदर भएको बताउनुभयो। उहाँले पूर्ण रुपमा मत बदर भएकोमा मतपत्र भन्दा बाहिर मतदान गरेको लगायतका समस्या देखिएको छ । मतदाता शिक्षामा कमी हुनु र एकै मतदाताले फरक-फरक पार्टीका उम्मेदवारलाई मत दिँदा बढी मत बदर भएको देखिएको छ। १० स्थानीय तहमा ८५ वडा रहेको बागलुङमा निर्वाचित हुने ४४५ पदका लागि एक हजार १९१ उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका थिए। बागलुङ जिल्लामा निर्वाचन पश्चात नेपाली कांग्रेसले ६ पालिका प्रमुख, ५ पालिका उपप्रमुख, ३७ वडाध्यक्ष, माओवादी केन्द्रले एक पालिका प्रमुख, ३ पालिका उपप्रमुख, १७ वडाध्यक्ष, राष्ट्रिय जनमोर्चाले २ पालिका प्रमुख, २ पालिका उपप्रमुख र ११ वडाध्यक्ष, नेकपा एमालेले १ पालिका प्रमुख, १६ वडाध्यक्ष, नेकपा (एकीकृत समाजवादी)ले ३ वडाध्यक्ष र स्वतन्त्रबाट १ वडाध्यक्षले जितेका छन्।

बागलुङका १० वटै पालिकाका नवनिर्वाचित जनप्रतिनिधिले पद तथा गोपनीयताको शपथ ग्रहणपछि कार्यभार सम्हालीसकेका छन् । उनीहरुले पहिला बैठक बसेर केही लोकप्रिय निर्णयसमेत गरिसकेको जनाइएको छ । अहिले निर्वाचित जनप्रतिनिधि मतदातालाई धन्यवाद दिन गाउँ गएका छन्।

# म्याग्दीका ऐतिहासिक देवल र पुरातात्विक सम्पदा ओझेलमा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १० जेठ**

तत्कालीन पर्वत राज्यको मुकाम रहेको म्याग्दीका बेनीबजार, पुलाचौर, ढोलठान, डढेकोट, ताकम र ज्यामरुककोटमा रहेको ऐतिहासिक देवल र पुरातात्विक सम्पदा संरक्षण र प्रचारप्रसारको अभावमा ओझेलमा परेका छन्।

यहाँ मल्लकालीन समयका ऐतिहासिक सम्पदा र पुरातात्विक तथा शिखरशैलीका देवल, मठमन्दिर, कुँवा, धारा, ओखल आदि सम्पदा प्रचारप्रसार र संरक्षण नहुँदा ओझेलमा पर्दै गएका हुन् । वडा दसैँ, चैते दसैँ, कृष्णजन्माष्टमी, श्रीपञ्चमी र विभिन्न चाढ पर्वहरुको समयमा मानिस जम्मा हुने मात्रै तर ती ऐतिहासिक धरोहरका अमूल्य सम्पदाको मर्मत-सम्भार, संरक्षणबारे कुनै योजना नबनाउँदा नष्ट हुँदै गएका हुन् । म्याग्दीका विभिन्न ठाउँमा ढुङ्गैढुङ्गाले बनेका शिखर शैलीका थुम्का, देवल र मठ रहेका छन्। पर्वतका मल्लराजा डिम्बबम मल्लले निर्माण गर्न लगाएका ओखल र कुँवा पनि संरक्षणको अभावमा पुर्रिँदै जान थालेका स्थानीयले बताएका छन् । विसं १८४२ मा गोरखा र पाल्पाको संयुक्त फौजले पर्वते सेनालाई पराजित गर्नुअघि पर्वत राज्यको राजधानी ढोलठाना र सहराजधानी बेनीमा रहेको म्याग्दीका इतिहासकार तथा विसं २०७७ को मदनपुरस्कार विजेता चन्द्रप्रकाश बानियाँले उल्लेख गर्नुभएको छ।

१४औँ शताब्दीताका तत्कालीन पर्वत राज्यका एकीकरणकर्ता एवं चर्चित राजा डिम्बबम मल्लद्वारा स्थापित जगन्नाथ मन्दिर धार्मिक एवं पर्यटकीय दृष्टिकोणले नेपालभर प्रसिद्ध छ । यो मन्दिर ढोठानदेखि केही माथि र डढेकोट दरबारदेखि केही तल केभहिलको नजिकैमा रहेको छ। यहाँ प्रशस्तै ऐतिहासिक सम्पदा रहेका भए पनि संरक्षणको अभावमा ती सम्पदाहरू लोपहुँदै गएका स्थानीय यामबहादुर बानियाँले बताउनुभयो।

ढोलठान क्षेत्रको शिरमा रहेको केबहिलबाट मनोरम हिमशृङ्खलाको दृश्य नजिकैबाट नियाल्न पाइनु यस क्षेत्रको अर्को आकर्षण हो। यहाँबाट धौलागिरि, निलगिरि, अन्नपूर्णलगायत १४ हिमाल, पर्वत, बाग्लुङ, स्याङ्जा र कास्कीका ३० भन्दा बढी ग्रामीण क्षेत्रका साथै म्याग्दी जिल्लाका विभिन्न स्थानीय तहका मनोरम दृष्यावलोकन गर्न सकिने स्थानीय बासिन्दासमेत रहनुभएका गैरसरकारी संस्था मिलन म्याग्दीका निवर्तमान अध्यक्ष शिव बानियाँले बताउनुभयो । समुद्री सतहदेखि करिब दुई हजार ४०० मिटर उचाइमा रहेको सदरमुकाम बेनी बजारदेखि करिब डेढ/दुई घण्टाको पैदल यात्रापछि पुग्न सकिने ढोलठान प्राकृतिक सुन्दरता र ऐतिहासिक महत्वले युक्त त छ नै धार्मिक दृष्टिकोणले प्रमुख आकर्षणको केन्द्र बन्न सक्ने जगन्नाथ मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामवहादुर बानियाँले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्व र प्रशस्तै सम्भावनाले युक्त, सदरमुकाम बेनीदेखि नजिकै रहेर पनि यो ठाउँको प्रचारप्रसार जत्ति हुनुपर्ने हो, त्यति हुन सकेन, यदि राम्रोसँग प्रचारप्रसार गरी सम्वन्धित निकायको ध्यानाकर्षण गर्ने हो भने ढोलठान क्षेत्र म्याग्दीको मात्र होइन गण्डकी प्रदेशकै उत्कृष्ट गन्तव्य स्थल बन्न सक्छ।"

ढोलठानबाट पूर्वोत्तरतर्फ माछापुच्छ्रे, अन्नपूर्ण, नीलगिरि र धौलागिरि हिमालका लर्कनहरु आँखैअगाडि ठिंग उभिएझैँ देखिन्छ। ढोलठानको शिरमा पर्ने केभहिलको नजिकै रहेको धार्मिक दृष्टिले अति पवित्रतम गाजने गाउँ मादक पदार्थ सेवन र मांसाहार निषेधित क्षेत्रमा नेपालकै उदाहरणीय गाउँ हो। यस गाउँमा प्रशिद्ध चर्चित जगन्नाथ मन्दिर रहेको छ। ज्यामरुककोटमा रहेको ५०० वर्ष पुरानो राजकुवा पनि संरक्षणको अभावमा पुरिँदै गएको स्थानीय खिमबहादुर कार्कीले जानकारी दिनुभयो। विसं २०७६ मा स्थानीयको पहलमा सामान्य पुनःनिर्माण भए पनि अन्य ठाउँबाट भने संरक्षणका लागि प्राथमिकतामा नपरेको र पछिल्लो समयमा कुवा जीर्ण बन्दै गएको छ । ज्यामरुककोटका यस्ता पुरातात्विक सम्पदालाई सूचीकरण गरी संरक्षण र संवर्द्धनका लागि आफूले प्राथमिकताका साथ काम गर्ने बेनी नगरपालिका-२ का नवनिर्वाचित वडाअध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो।

# भरतपुर महानगरमा गठबन्धनका उम्मेदवार विजयी

**पोखरापत्र संवाददाता**
**चितवन, १० जेठ (रासस)**

भरतपुर महानगरको प्रमुख र उपप्रमुखमा गठबन्धनका उम्मेदवार विजयी भएका छन् । महानगर प्रमुखमा गठबन्धनबाट नेकपा (माओवादी केन्द्र)का रेनु दाहाल र उपप्रमुखमा नेपाली कांग्रेसका चित्रसेन अधिकारी विजयी हुनुभएको हो।

दाहालले निकटतम् प्रतिस्पर्धी नेकपा (एमाले)का विजय सुवेदीलाई १२ हजार ४४९ मतान्तरले पराजित गर्नुभएको हो । दाहालले ५२ हजार ३० मत प्राप्त गर्दा सुवेदीले ३९ हजार ५८१ मत प्राप्त गर्नुभएको प्रारम्भिक तथ्याङ्क सार्वजनिक भएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयले रुजु गरेर अन्तिम मत विवरण सार्वजनिक गर्न बाँकी छ। यस्तै स्वतन्त्रका उम्मेदवार जगन्नाथ पौडेलले १४ हजार ७२८ मत प्राप्त गर्नुभयो।

दाहाल विसं. २०७४ को स्थानीय तहको निर्वाचनमा समेत कांग्रेसको सहयोगमा महानगर प्रमुखमा निर्वाचित हुनुभएको थियो। विसं २०३३ असार २३ गते भरतपुर महानगरपालिका-१४ भीमसेन नगरमा जन्मनुभएकी दाहाल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'की माहिली छोरी हुनुहुन्छ । नेपाली, हिन्दी र अङ्ग्रेजी भाषा बोल्न जान्ने दाहाल विसं २०६४ जेठ १५ गतेदेखि २०६९ जेठ १४ गतेसम्म तत्कालीन संविधानसभा सदस्य हुनुहुन्थ्यो। हाल अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको महासचिव, विसं २०७४ देखि २०७५ सम्म नेकपा (माओवादी केन्द्र) पोलिटब्यूरो सदस्य, विसं २०६१ देखि २०६३ सम्म नेकपा (माओवादी केन्द्र) रोल्पा जिल्ला सहइन्चार्ज भएर काम गरिसक्नुभएको छ। यस्तै विसं २०६४ देखि २०७२ सम्म नेपाल कम्युनिष्ट पार्टी माओवादी काठमाडौँ सेक्रेटरी, अखिल भारत नेपाली महिला सङ्गठनको अध्यक्ष, जनयुद्धको भूमिगतकालमा प्रवास (भारतका विभिन्न प्रान्तहरूमा पार्टीको सेक्रेटरी र महिलाको जिम्मेवारी वहन गरेको) तथा देशको विकट ग्रामीण क्षेत्रमा सङ्गठनात्मक काममा सक्रिय रहनुभएको थियो । भरतपुर महानगरपालिकाको उपप्रमुखमा गठबन्धनबाट कांग्रेसका अधिकारीले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का हिमला गुरुङलाई २२ हजार १९१ मतान्तरले पराजित गर्नुभएको छ । अधिकारीले ५२ हजार ८०३ मत प्राप्त गर्दा गुरुङले ३० हजार ६१२ मत प्राप्त गर्नुभयो।

अधिकारी नेपाली कांग्रेस भरतपुर महानगर समितिको सभापति हुनुहुन्छ। विसं २०२४ मा जन्मनुभएका अधिकारीको विद्यार्थी राजनीतिबाट राजनीतिक यात्राबाट सुरु भएको हो । विसं २०४२ मा अन्नपूर्ण माध्यामिक विद्यालय पार्वतीपुरबाट सुरु भएको उहाँको राजनीतिकयात्रा क्याम्पस कमिटीमा सक्रिय भई अहिले महानगरमा कांग्रेसका तर्फबाट उपप्रमुखमा निर्वाचित बन्नुभएको छ। विसं २०७४ को स्थानीय तहको निर्वाचनमा वडा नं २१ को वडाध्यक्षमा निर्वाचित अधिकारी यसअघि महानगरमा कांग्रेसको दलको नेताका रूपमा रहनुभएको थियो।

विसं २०४६ को आन्दोलनमा गिरफ्तारीदेखि विसं २०६२/६३ मा सक्रिय सहभागिता जनाउनुभएका नेता अधिकारी विसं २०५४ मा साविक पार्वतीपुरमा कांग्रेसका तर्फबाट वडाध्यक्ष निर्वाचत हुनुभएको थियो। यस महानगरका २९ वडामा एक लाख २७ हजार ८३९ मत खसेको थियो । २९ वडामध्ये कांग्रेसले वडा नं १, २, ४, ५, ६, ८, १०, १४, १५, १६, १७, २०, २१, २३, २७ र २९, एमालेले ३, ११, १२, १८, १९ र २८, माओवादी केन्द्रले १३, २४ र २६, नेकपा (एकीकृत समाजवादी)ले ७, ९ र २२ वडामा विजय हासिल गरेको छ । वडा नं २५ मा स्वतन्त्र उम्मेदवार विजयी हुनुभएको छ। कांग्रेसका जिल्ला नेता स्वतन्त्रमा उम्मेदवारी दिएर विजयी हुनुभएको हो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १९ पुरुन्चौर, कैलाशेश्वर शिव मन्दिर पार्क एवं ट्रष्ट निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः कैलाशेश्वर शिव मन्दिर पार्क एवं ट्रष्ट निर्माण**
**स्थानः पोखरा–१९, पुरुन्चौर, कास्की**
**योजना सम्झौता मिति : २०७८/१२/१० गते**
**योजना शुरु मितिः २०७८/१२/१५ गते**
**योजना सम्पन्न हुने मिति : २०७९/०२/३० गते**
**योजनाको कुल लागत : रु.११,११,१११।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.१०,००,०००।–**
**उपभोक्ता समितिबाट : रु.१,११,१११।–**
**उपभोक्ता समिति अध्यक्षः गोविन्द प्रसाद काफ्ले**
**उपभोक्ता समिति जम्मा सदस्य ९ जना**
**पुरुषः ६ जना महिलाः ३ जना**

**कैलाशेश्वर शिव मन्दिर पार्क एवं ट्रष्ट निर्माण उपभोक्ता समिति**
**पोखरा-१९, पुरुन्चौर, कास्की**


# किसानको आवश्यकता हेरेर कार्यक्रम बनाउन आग्रह

**पोखरापत्र संवाददाता**
**बलेवा, १० जेठ**

तीन तहका सरकारले आगामी वर्षको बजेट ल्याउँदा किसानको आवश्यकता हेरेर बजेट ल्याउनुपर्ने किसानले बताएका छन्।

देशको अर्थतन्त्रको मुख्य भाग ओगटेको कृषि क्षेत्रमा लगानी बढाउन भइरहेको लगानी उपलब्धिमूलक बनाउन किसानले आग्रह गरे । गण्डकी प्रदेश सरकारकारको भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालयले बागलुङमा आयोजना गरेको एक कार्यक्रममा सहभागी किसानले उत्पादनमा वृद्धि र प्राङ्गारिक उत्पादनको सन्तुलनका लागि सरकारी कार्यक्रम तय हुनुपर्नेमा जोड दिए।

"अनुदान वास्तविक किसानले पाउनेगरी आउँदा किसानलाई राहत र उत्पादन बढाउन सहयोग हुन्छ", तालिममा सहभागी किसान बाबुराम शर्मा भन्नुहुन्छ, "किसानले जे उत्पादन गर्नसक्छ त्यसका लागि अनुदान चाहिने हो, अनुदानको कार्यक्रमले मागे अनुसारको उत्पादन किसानका लागि असजिलो हुनपनि सक्छ ।" मन्त्रालयले मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रममा आवद्ध समूह सहकारीका लागि तीन दिने क्षमता अभिवृद्धि तालिम आयोजना गरेको छ। सोमबारदेखि सुरु भएको तालिम बुधबार सकिने छ। तालिममा कार्यक्रममा सहभागी किसान र कृषि प्राविधिक गरी २५ जनाको सहभागिता रहेको छ । तालिमको सहजीकरण मन्त्रालयका उपसचिव ध्रुव गिरी, कृषि अर्थ विज्ञ, नारायणप्रसाद पाठक, भेटेरीनरी अस्पताल तथा पशुविज्ञ सेवा केन्द्र बागलुङका प्रमुख डा ऋषिराम सापकोटा र कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले सहजीकरण गर्नुहुने छ । किसानले गरेका उत्पादनमा सरकारी पक्षबाट भइरहेको सहयोगले परनिर्भरता बढ्न नहुनेमा तालिममा सहभागी सरोकारवालले जोड दिनुभयो । "आज सरकारले अनुदान दिइरहेको छ, सानो लगनी मात्रै किसानको छ, भोलि सबै लगानी गर्नुपर्ने वातावरण आउँदा किसानले व्यवसाय छोड्ने नहोस" उपसचिव गिरीले भन्नुभयो, "अहिले चलेका कार्यक्रमले परनिर्भरता नबढोस्, आत्मानिर्भर बन्ने वातावरण बनोस्।"

# सुरक्षाका हिसाबले स्थानीय तह निर्वाचन नमूना

**पोखरापत्र संवाददाता**
**बलेवा, १० जेठ**

स्थानीय तहको निर्वाचन भयरहित र शान्तिपूर्ण रुपमा सम्पन्न गरेको भन्दै प्रदेश प्रहरी कार्यालयले बागलुङ लगायतका छ वटा जिल्ला प्रहरी कार्यालयलाई पुरस्कृत गरेको छ । निर्वाचनको समयमा सुरक्षा व्यवस्था चुस्त राख्दै नागरिकलाई भयरहित वातावरणमा मतदान गर्ने वातावरण सिर्जना गरेको भन्दै प्रहरी कार्यालयका प्रमुखहरु पुरस्कृत हुनुभएको हो।

बागलुङ जिल्लाका प्रहरी प्रमुख दयानीधि ज्ञवालीलाई रु एक हजार ५०० नगदसहित पुरस्कृत गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ। पुरस्कृत हुने जिल्लामा छिमेकी जिल्ला पर्वत, कास्की, स्याङ्जा र गोरखा लगायतका जिल्ला रहेका छन्।

यसैबीच जिल्ला प्रहरी कार्यालय बागलुङले स्थानीय तह निर्वाचन-२०७९ हालसम्मकै नमूना निर्वाचन भएको जनाएको छ। सोमबार पत्रकार सम्मेलन गर्दै प्रहरीले सुरक्षाका दृष्टिले अहिलेसम्म उत्कृष्ट वातावरण सिर्जना भएको उल्लेख गरेको हो । जिल्लामा भइरहेका आपाराधिक घटना कम गर्न र चोरी तथा लागुऔषधको क्षेत्रमा अनुसन्धान गर्न छुट्टै सेल खडा गरेको ज्ञवालीले जानकारी दिनुभयो।

"हामी जनताको नजिकै रहेर काम गरिरहेका छौँ", उहाँले भन्नुभयो, "सूचनाको पहुँचमा जनता हुँदा अपराध आधा कम हुन्छ।" पत्रकार भेटघाटमा प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले जिल्लाभर नागरि कसँग मिलेर प्रहरीले काम गरिरहेको बताउनुभयो । प्रहरी निरीक्षक भूपेन्द्र गिरीले चोरीका घटनामा कमी ल्याउन नागरिक सचेत बनेर प्रहरीलाई सूचना दिनुपर्ने बताउनुभयो। जिल्ला ट्राफिक प्रहरी प्रमुख राजकुमार केसीले कानुन विपरीतका गतिविधि सडकमा कमी आएको दाबी गर्नुभयो।